# कैलाश गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ४ संख्या ५ मिति २०७९।४।२६


# भाग २

## चेली प्रतोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

गाउँ कार्यापालिकाबाट स्वीकृत मितिः२०७९।०४।२६

प्रमाणित मितिः२०७९।०४।२६

**प्रस्तावनाः** कैलाश गाउँपालिका भित्र बालविवाहको न्युनिकरण गर्न तथा छात्राहरुको शिक्षामा सहभागिता बढाउन, छात्राहरुको कक्षा छोड्ने प्रवृति निरुत्साहित गरि कम्तिमा प्रविणता प्रमाणपत्र तह (प्लस टु) सम्मको अध्ययन

गरि स्वोरोजार वा कहिकतै नोकरी स्विकार गरि कम्तिमा २० वर्ष उमेर पुरा भएपछि मात्र विवाह गरि सामाजिक संस्कार अनुसार दैनिक जिवन यापन गर्न सक्ने गरि छात्राहरुको शिक्षा र विवाह गर्ने उमेर सुधार गरि कैलाश गाउँपालिका भित्रको शिक्षा क्षेत्र तथा वालविवाह न्युनिकरण सम्बन्धि कार्यक्रममा सहयोग पुऱ्याउन वाञ्छानीय भएकोले कैलाश गाउँपालिकाको चालु आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा उल्लेखित चेली प्रोत्साहन कार्यक्रम संचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम कैलाश गाउपालिका कार्यपालिकाको कार्यालयबाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

२. (क) यो कार्यविधिकोः नामः चेली प्रतोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

(ख) यो कार्यविधि कैलाश गाउपालिका गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले कैलाश गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख. रकम चेली प्रतोत्साहन कार्यक्रम संचालनका लागि कैलाश गाउँपालिकाको गाउँसभाबाट विनियोजन गरि सञ्चालन गरेको रकम भन्ने सम्झनु पर्दछ ।

ग. चेली भन्नाले कैलाश गाउँपालिका भित्र स्थायी बसोबास गर्ने, कम्तिमा प्रविणता प्रमाणपत्र तह उतिर्ण भएको र २० वर्ष उमेर भएको चेली सम्झनु पर्छ

घ. अनुगमन समिति भन्नाले चेली प्रतोत्साहन कार्यक्रमको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागी आवश्यक निर्देशन र अनुगमनका लागी नियम ११ (२) बमोजिम बनेको समितिलाई सम्झनु पर्दछ ।

ङ. "अनुदान" भन्नाले कैलाश गाउँकार्यपालिकाको तर्फबाट चेली प्रतोत्साहनको लागि भनि छुटयाइएको अनुदान रकम भन्ने सम्झनु पर्छ ।

च. "लाभग्राही" भन्नाले कैलाश गाउँपालिका भित्र स्थायी बसोबास भई कुनै संकाय तर्फ प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरको २० वर्ष उमेर पुरा भई विवाह गरको छात्रा भन्ने सम्झनु पर्छ ।

छ. "सञ्चालक समिति" भन्नाले चेली प्रतोत्साहन कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि २०७९ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद २

### ३. उद्देश्यः

यस कैलाश गाउँपालिका भित्रकाः

१. आर्थिक रुपले विपन्न, शिक्षाको अवसरबाट बञ्चित, वालविवाहको जोखिममा रहेका छात्राहरुलाई कम्तिमा प्रविण्ता प्रमाणपत्र तह सम्म अध्ययन गरि २० वर्ष पुरा भएपछि मात्र विवाह गरि आत्मा निर्भर बन्न अभिप्ररित गर्ने।

२. समुदायमा बालविवाहको जोखिममा रहेका चेलीहरुलाई संरक्षण गरि वालविवाह न्युनिकरण गर्ने।

३. छात्राहरुमा शिक्षाको अवसर प्रधान गरि गाउँपालिकाको शैक्षिक स्तर सुधार गर्ने।

४. महिलाहरुलाई शाक्षर र आत्मानिर्भर बनाई समग्र कैलाश गाउँपालिकाको आर्थिक, सामाजिक अवस्थालाफ सुधार गर्ने,.

५. गरिबी न्यूनिकरणका लागि योगदान गर्ने ।

**४. अपेक्षित प्रतिफलः**

१. छात्राहरुको शिक्षामा पहुच बृत्ति हुनेछ,

२. महिलाहरु कम्तिमा प्रविणता प्रमाणपत्र सम्म अध्ययन गरि सोरोजगार वा जागिरे बन्न सक्ने छन,

३. २० वर्ष पुरा भई विवाह गर्ने कानुनी व्यवस्थाको पालना हुनेछ जसबाट महिला तथा वालवालिका स्वस्थ तथा निरोगी हुनेछन,

४. गरिबी न्यूनीकरणमा योगदान हुनेछ ।

५. राज्यको श्रोत साधन उपयोग तथा उपभोगबाट वन्चित छात्राहरु सम्म स्थानीय सरकारको पहुचँ स्थापित हुनेछ,

६. वालविवाह पुर्ण रुपमा हट्न गई महिला तथा बालबालिकाको स्वास्थ्य र आर्थिक अवस्थामा सुधार हुनेछ।

**५. लाभान्वित चेली छनोटका आधारहरुः**

कैलाश गाउँपालिकाको चेली प्रोत्साहन कार्यक्रम अन्तर्गत देहाय बमोजिमका छात्राहरुलाई छनौट गरि सहयोग उपलब्ध गराउनेछ।

१. २० वर्ष उमेर पुरा भई विवाह गर्ने छात्रा,

२. जुनसुकै संकायमा कम्तिमा प्रविणता प्रमाणपत्र तह सम्म उतिर्ण गरेको,

३. कैलाश गाउँपालिका भित्रको स्थायी बासिन्दा,

४. चालु आ.व. २०७९/८० भित्र विवाह भई विवाह दर्ता भएको,

५. निज चेलीको आ.व. २०७९/८० भित्र विवाह भएको र पहिलो विवाह रहेको भनि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

## परिच्छेद ३

### ६. कोष सम्बन्धी व्यवस्था

१. कोषको खाता सञ्चालन

कोषको बैंक खाता सञ्चालन गा.पाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखा कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

२. कोषको आम्दानी

१. नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

२. प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

३. अन्य स्थानीय सरकारबाट प्राप्त विनियोजन रकम ।

४. गाउँ सभा सदस्य, कर्मचारीहरुबाट स्वच्छेक निर्णयबाट प्राप्त रकम ।

५. स्वदेशी विभिन्न सरकारी गैरसरकारी संघसस्थाहरुबाट प्राप्त रकम ।

६. सरकारी तथा गैरसरकारी संस्थामा कार्यरत कर्मचारी, उद्योगी, व्यावसायी, पेशाकर्मी, राजनितिक दल, नागरिक सामाज, धार्मिक परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वच्छिक रुपमा प्राप्त हुने रकम ।

७. गैर आवासिय नेपाली संघ,वैदेशिक सरकार तथा संघसस्थाको तर्फबाट प्रचलित कानूनको
अधिनमा रहि प्राप्त हुने रकम ।
८. प्रचलित कानूनको अधिनमा रहि कोषको जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**८. खर्चका क्षेत्रहरुको सिमा निर्धारण सम्बन्धी व्यवस्थाः**

१. समान्यतयाः चेली प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण सहयोग चेली प्रोत्साहन कोष मार्फत उपलब्ध गराईनेछ ।
३. लक्षित चेलीलाई नियम ६ मा उल्लेखित रकम मध्येबाट रकम रु. २०,०००/- एकमुष्ठ प्रदान गरिनेछ। लाभान्वितहरुको संख्या वार्षिक रुपमा गाउँसभाले तोके बमोजिम हुनेछ ।
३. कार्यक्रममा लाभान्वित व्यक्ति कैलाश गाउँपालिका भित्र स्थायी बसोबास गरेको र नेपाली नागरिकता प्राप्त गरेको हुनु पर्नेछ ।
४. चेली प्रोत्साहन कार्यक्रमका लाभान्वित व्यक्तिहरुको छनौट निवेदन प्राप्त भएपछि छनौट समितिको सिफारिसमा र गाउँपालिकाको अध्यक्षले स्वीकृत गरी अनुदान रकम उपलब्ध गराईनेछ ।

**९. कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकिकरणः**

१. कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।
२. कोषको मासिक रुपमा भएको आम्दानी र खर्च विवरण चौमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

३. आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिना भित्र समितिले कोषको बार्षिक आय व्ययको विवरण समेत खुल्ने गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नुपर्नेछ ।

**१०. कोषको लेखा परिक्षणः**

१. कोषको आन्तिरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

२. कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षणबाट हुनेछ ।

## परिच्छेद ४

**११. कार्यक्रम सञ्चालन प्रकृया र छनौट समितिको गठन**

१. स्थानीय सरकार मार्फत परिचालित श्रोत साधन माथि प्रत्यक्ष पहुचँ स्थापित गराउँदै वालविवाह न्युनिकरण र छात्राहरुको शिक्षामा पहुचँ अभिबृद्दि गर्न कैलाश गाउँपालिका भित्र रहेका छात्राहरुलाई चेली प्रोत्साहन कार्यक्रम मार्फत सहयोग उपलब्ध गराउन लाभान्वित व्यक्ति छनौट तथा सिफारिसका लागि तपसिल बमोजिमको ६ सदस्य छनौट समिति गठन गरिनेछ ।

**२. अध्यक्षसँग विपन्न छनौट समितिमा देहाय बमोजिम हुनेछः**

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्षः | संयोजक |
| २) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| ३) सामाजिक विकास समितिको संयोजकः | सदस्य |
| ४) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखः | सदस्य |

५) महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखः सदस्य सचिव

३. नियम ११ को देहाय २ बमोजिम गठन भएको समितिको सिफारिसमा गाउँपालिका अध्यक्षको स्वीकृत गरी अनुदान रकम हस्तान्तरण गरिनेछ ।

**१२. समितिको काम, कर्तव्य र अधिकारः**

१. लक्षित चेलीको निवेदन प्राप्त गर्ने,

२. निवेदन साथ पेश भएका कागजातहरु जाँच गर्ने,

३. आवश्यक्त अनुसार फिल्ड अनुगमन तथा जाँच बुझ गरि कार्यविधि बमोजिम प्रोत्साहन रकम उपलब्ध गराउन गाउँपालिका अध्यक्ष समक्ष सिफारिस गर्ने,

४. कार्यविधि कार्यान्वयनको क्रममा आइपरेका समस्या समाधनमा सहयोग गर्ने,

५. वार्षिक प्रतिवेदन तयार गरि गाउँ कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्ने ।

## परिच्छेद ५

**विविध**

**१३. अभिलेख राख्ने**

१. चेली प्रोत्साहन कार्यक्रम अन्तर्गत भए गरेका निर्णय र अन्य कागजातहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ,

२. अभिलेख महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाको जिम्मा रहनेछ ।

३. उक्त अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराइनेछ ।

**१४.अनुगमन मुल्याङ्कनः**

१. चेली प्रोत्साहन सञ्चालन र यसको प्रभावकारी अनुगमन र मुल्याङकनका लागि प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय अनुगमन तथा मुल्याङकन समिति गठन गरिनेछ । जसमा निम्न बमोजिम सदस्य रहने व्यवस्था मिलाईनेछ ।

| | | |
|---|---|---|
| १ | वडा अध्यक्षः | संयोजक |
| २ | वडा सचिवः | सदस्य |
| ३ | वडाको महिला सदस्य मध्येबाट १ जनाः | सदस्य |

२. नियम १४ को देहाय १ बमोजिम गठन भएको समितिले कार्यक्रम मार्फत उपलब्ध गराएको रकम सदुपयोग भए नभएको बारे अनुगमन गर्नेछ ।

३. लाभान्वित व्यक्तिले अनुसुची १ बमोजिमको जीविकोर्पाजन सुधार योजना र अनुसुची २ बमोजिमको  सम्झौता पत्र विपरीत खर्च गरेको पाइएमा सोको प्रतिवेदन गाउँपालिकामा पेश गरेको बिगो बराबरको रकम फिर्ता गराउन सहयोग गर्नुपर्नेछ ।

**१५. प्रतिवेदनः**

क. चेली प्रोत्साहन कार्यक्रम मार्फत प्रदान गरिएका सम्पूर्ण सहयोग वार्षिक प्रगति प्रतिवेदन गाउँसभा समक्ष पेश गर्नुपर्नेछ ।

ख. प्रतिवेदन सम्पूण जिम्मेवारी महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाको रहनेछ।

**१६. कार्यविधि संशोधनः**
यो कार्यविधिका कुनै नियम, उपनियमहरु परिमार्जन गर्नु परेमा प्रचलित कानूनसँग बाझिएमा कार्यपालिकाको बैठकले आवश्यक संशोधन गरी स्वीकृत गर्न सक्नेछ ।

**आज्ञाले**
प्रमुख प्रशासकीय अधिकृत